गण्डकी राजपत्र

गण्डकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :१ संख्या :१२ मिति : २०७४/११/२५

**भाग : २**

**गण्डकी गाउँपालिका**

# ढुंगा,गिट्टी, वालुवा माटो जस्ता खानी जन्य वस्तुको प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधि २०७४

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसुचि ८ को क्रमसंख्या २१ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (प) को ७ मा रहेको ढुंगा, गिटि, वालुवा, नुन, माटो खरीढुंगा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नविकरण खारेजी र व्यवस्थापन सम्वन्धि कार्य गर्न गण्डकी गाउँपालिकाको गाउँकार्यपालिकाले ढुंगा, गिट्टी, वालुवा, माटो जस्ता खानीजन्य वस्तुको प्राकृतिक श्रोत व्यवस्थापन गर्न यो कार्यविधि २०७४ जारी गरेको छ ।

**१ यस कार्यविधिका उदेश्यहरु**

**गण्डकी गाउँपालिकाले निम्न उदेश्य पुरा गर्न यो कार्यविधि जारी गरेको छ।**

- भुकम्प पुर्ननिर्माण कार्यमा देखिएको निर्माण सामाग्रीको अभाव हटाई पुर्ननिर्माण कार्यलाई गति दिन ।
- भिरालो जग्गालाई सम्याई घडेरी निर्माण वा खेती योग्य जग्गा निर्माण गर्न ।
- नदिजन्य उत्पादनका वस्तुहरुको संकलन तथा विक्रिवितरणवाट आवश्यक निर्माण सामाग्रीको अभाव कम गर्न ।
- व्यवस्थित उत्खनन तथा संकलन कार्य मार्फत गाउँपालिकाको आन्तरिक श्रोत अभिवृद्धि गर्न ।

**२. निजि जग्गा व्यवस्थापन (खन्न, सम्याउन)**

**२.१ निजि जग्गा व्यवस्थापन (खन्न, सम्याउन) गर्न पाउँ भनि कुनै व्यक्तिले गाउँपालिकामा निवेदन दिदा निम्न प्रकृया पुरा गर्नुपर्नेछ।**

- जग्गाको हकभोग भएको जग्गा धनि पुर्जा ।
- मालपोत तिरेको रसिद/नापी नक्सा ।
- संयुक्त जग्गा भए हकवालको मन्जुरी ।
- मोही जग्गा भए मोहि र जग्गाधनि दुवैको सम्झौता ।
- सधियारको मन्जुरी ।
- खन्न, सम्याउन परेको व्यहोरा उल्लेखित निवेदन ।
- सम्वन्धित वडाको सिफारिस ।

**२.२ गाउँपालिकामा निवेदन दर्ता भएपछि यो प्रकृया पुरा गरिने छ।**

- निवेदन साथ संलग्न कागजको प्रमाणिकरण ।
- जग्गा सम्याउनु, खन्नु पर्ने कारणको प्राविधिकवाट प्रतिवेदन ।
- कति परिणाममा माटो, वालुवा, ढुंगा निस्कने हो सो को प्राविधिक प्रतिवेदन (घन मिटरमा) ।
- कति समय लाग्ने हो समय निर्धारण ।
- कहाँ कसरी व्यवस्थापन गर्ने ।

- कति सम्म जमिन काट्न मिल्छ ।

## २.३ प्रारम्भीक वातावरणीय परिक्षणको कार्य सुचि तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार

वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ वमोजिम नदिजन्य/खानीजन्य पदार्थको संकलन/उत्खनन सम्वन्धि प्ररम्भीक वातावरण परिक्षणको कार्य सुचि तथा प्रतिवेदन स्वीकृत गर्ने र अनुमति दिने सम्वन्धमा देहाय वमोजिम हुनेछ ।

- वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ वमोजिम नदिजन्य/खानीजन्य पदार्थको संकलन/उत्खनन सम्वन्धि प्रारम्भीक वातावरणीय परिक्षणको कार्य सुचि तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार २०७५ असार मसान्त सम्म जिल्ला समन्वय समितिमा रहने ।
- २०७५ श्रावण १ देखि वातावरण विभागको सहकार्यमा उक्त प्रतिवेदन गाउँ कार्यपालिकाले स्वीकृत गर्ने ।
- गाउँ कार्यपालिकाले उपरोक्त वमोजिम स्वीकृत गर्दा वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ को अधिनमा रहि स्वीकृत गर्ने ।
- प्रारम्भीक वातावरणीय परिक्षणको कार्यसुचि तथा प्रतिवेदन को प्रस्तावक सम्वन्धित फर्म, कम्पनी वा व्यक्ति हुने ।
- प्रतिवेदनमा संकलन/उत्खनन वा दोहन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण , समय अवधि र श्रोतको विवरण तथा त्यस्तो क्षेत्रको नक्सा सहित पेश गर्नु पर्ने ।
- नदिजन्य/खानीजन्य पदार्थ संकलन/उत्खनन गर्दा प्रयोग गर्ने विधि र सो विधिमा प्रयोग हुने मेसिन औजार उपकरण तथा यन्त्रको विवरण ।
- प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा विज्ञ समुहमा कम्तिमा देहायको विज्ञ समावेस भएको हुनुपर्ने ।

  क) जियोलोजिस्ट १ जना

  ख) वातावरण विज्ञ १ जना

  ग) आवश्यकता अनुसार सामाजिक, आर्थिक, आदि सम्वन्धि विज्ञहरु

- प्रतिवेदनमा प्रस्तुत नकारात्मक असर न्युनिकरणका लागी अपनाइएका उपायहरुको विश्लेषण गरि कार्यन्वयनका लागी आवश्यक वजेट विनियोजन गरेको हुनुपर्ने ।
- प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला अुगमन तथा समन्वय समिति मार्फत गरिने जिल्ला स्तरीय अनुगमन कार्य योजना समेत प्रतिवेदनको अंश को रुपमा समावेश हुने
- प्राप्त कार्यसुचि तथा प्रतिवेदन उपर गाउँकार्यपालिकामा छलफल हुने र  कार्यपालिकाले आवश्यक ठहराएमा विज्ञ समुह वा प्राविधिकवाट स्थलगत अवलोकन गराई प्रतिवेदन लिन सक्ने ।
- नदिजन्य/खानीजन्य पदार्थको संकलन/उत्खनन सम्वन्धि प्रारम्भीक वातावरण परिक्षणको कार्य सुचि तथा प्रतिवेदन स्वीकृत गर्ने र अनुमति दिने र अनुमति रद्द गर्ने अधिकार गाउँकार्यपालिकामा रहने ।
- गाउँकार्यपालिकावाट गठित अनुमगन समितिले नियमिति अनुगमन गरि आवश्यक निर्देशन दिने ।
- स्वीकृत प्रतिवेदनको प्रमाणीत प्रतिलिपि गाउँपालिकाको वेवासाइट राख्ने व्यवस्था गर्ने ।

**<u>२.४ सवै वडा वासीले थाहा पाउने गरी १५ दिने सार्वजनिक सुचना जारी गर्ने</u>**

- सूचनामा माग भाएको कित्ता जग्गा र सम्वन्धित जग्गा धनीको विवरण समेत उल्लेख गर्ने ।

**२.५** प्रकाशीत सुचना वमोजिम साँध सधियर राखी कोही कसैलाई असर पर्छ पर्दैन सो समेत खुलाई वडा कार्यालयवाट सर्जमिन गर्नेछ ।

**<u>३ गाउँपालिकाले कार्य सम्पादन गर्दा यो प्रकृया अपनाउने छ ।</u>**

- जग्गा व्यवस्थापनका लागी माग भएको स्थानमा सार्वजनिक जग्गा सामुदायिक वन, धार्मिक स्थल लगायत सार्वजनिक महत्व भएका स्थल भएमा कम्तिमा ३० मिटरको अन्तर छ, छैन हेर्ने ।

- व्यवस्थापन गर्ने जग्गाको वरपर रहेको जग्गाको सतह भन्दा अग्लो, भिरालो जग्गा हो, हैन एकिन गर्नेछ ।
- व्यवस्थापन गर्ने जग्गा, घर टहरा निर्माणका लागी हो वा कृषि प्रयोजनको लागी हो एकिन गर्नेछ ।
- मेसिन प्रयोग गर्नुपर्ने हो वा होइन खुलाउने ।
- अन्य आवश्यक कुराहरु हेर्ने ।
- अनुमति प्राप्त गरी ढुंगा, गिट्टी, बालुवा उत्खनन/संकलन शुरु भईसकेपछि वा प्रकृयामा रहदाको अवस्थामा कुनै व्यक्ति वा संस्थाले खानी जग्गा विक्रि वितरण गरि स्वामित्व हस्तान्तरण भएमा अनुमति स्वत रद्द हुनेछ ।
- बुडिगण्डकी डुवान क्षेत्रमा पर्ने खानी भएका जग्गाहरुले बालुवा, ढुंगा, गिट्टी उत्खनन/संकलनको अनुमति लिएको भएमा पनि मुआब्जा रकम बुझिसकेपछि स्वत व्यक्ति वा फर्मको अनुमति रद्द हुनेछ ।

**४ <u>जग्गा व्यवस्थापन गर्दा यस गाउँपालिकाले लिने दस्तुर देहाय वमोजिम हुनेछ ।</u>**

- कुनै व्यक्तिले माटो वालुवा प्रशोधन कम्पनीसँग सम्झौता गरी कच्चामाटो वा वालुवा व्यवस्थापनको निवेदन दिएमा स्वीकृत प्राप्त गर्ने व्यक्तिले प्रति रोपनी रु १०,०००।- अनुमति दस्तुर र निकासी गरी लाने कम्पनीले प्रति ट्रिप टिप्फर वा ठूला गाडी रु ५००। मझौला गाडी र टेक्टरको रु २००। निकासी दस्तुर लाग्ने ।
- कुनै निजि ढिस्को वा जग्गाबाट कच्चा माटो वा वालुवा निकाली यस गाउँपालिका भन्दा बाहिर सोझै लानु परेमा उक्त माटो निकाल्ने व्यक्ति वा कम्पनीलाई अनुमति दस्तुर वापत प्रति रोपनी रु १०,०००। लाग्नेछ । र प्रति ट्रिप टिप्फर वा ठूला गाडी रु ५००। मझौला गाडी र टेक्टरको रु २००। निकासी दस्तुर लाग्ने ।
- कुनै व्यक्तिले आफ्नो निजि जग्गावाट निस्किएको माटो वा वालुवा आफै व्यवस्थापन गर्न वाहिर निकासी गर्नुपर्ने भएमा सम्वन्धित व्यक्तिलाई अनुमति दस्तुर वापत प्रति रोपनी रु १०,०००। लाग्नेछ ।

र प्रति ट्रिप टिप्फर वा ठूला गाडी रु ५००। मझौला गाडी र टेक्टरको रु २००। निकासी दस्तुर लाग्ने ।

- कुनै निजि ढिस्को वा जग्गावाट ढुंगा वाहिर पठाउनु परेमा सम्वन्धित व्यक्ति वा कम्पनीलाई अनुमति दस्तुर वापत प्रति रोपनी रु १०,०००। लाग्नेछ । र प्रति ट्रिप टिप्फर वा ठूला गाडी रु ५००। मझौला गाडी र टेक्टरको रु २००। निकासी दस्तुर लाग्ने ।
- माथि उल्लेखित खनिजजन्य पदार्थहरुको उत्खनन् तथा व्यवस्थापन शिर्षकवाट उठेको रकम गाउँपालिकाको सँचित कोषमा जम्मा गरिने छ र सो रकम गाउँसभाको निर्णय बमोजिम खर्च गरिनेछ । यस्तो रकमको गाउँसभाले निर्णय गर्दा खानी क्षेत्र भएका वडाहरुलाई वातावरण संरक्षण गर्ने प्रयोजनको लागी साविक घ्याल्चोक गा.वि.स वडा नं. ७ र ८ लाई २५ प्रतिशत विनियोजिन गरिनेछ र अन्य वडाको खानीको हकमा पनि सम्वन्धित वडालाई १२.५ प्रतिशत रकम विनियोजन गरिनेछ ।

## ५ <u>प्रदुषणको रोकथाम तथा नियन्त्रण गर्न निम्न उपायहरु अवलम्वन गरिनेछ ।</u>

- व्यक्ति वा कम्पनीले खानी उत्खनन/संकलन वा निकासी गरिसकेपछि सो क्षेत्रमा अनिवार्य रुपमा वृक्षारोपण गरि हरियाली कायम हुने व्यवस्था गर्नुपर्नेछ ।
- कसैले पनि वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरि वा जनजिवन र स्वास्थ्यलाई प्रतिकुल असर हुनेगरि काम गर्न पाईने छैन ।
- प्रयोग हुने वाटोमा धुलो उढाउने आवज जावतमा अवरोध पुग्ने गरि सवारी साधन चलाउन पाईने छैन ।
- खानीजन्य पदार्थ निकासीको लागी सवारी साधन चलाउदा स्थानीय स्तरमा छलफल गरि स्थानीय सर्वसाधारण र विद्यार्थीलाई वाधा नपर्ने गरि उपयुक्त समयमा चलाउन सकिनेछ ।
- गाउँपालिकाले नियमित अनुगमन गर्नेछ, सम्झौता वमोजिम कार्य गरेको नपाएमा स्वीकृती रद्द गरी नियम अनुसार कारवाही अगाडी वढाईने छ ।

- सार्वजनिक जग्गावाट उत्खनन् भईसकेपछि उक्त स्थानमा सिमांकन गरी हरियाली हुने गरी व्यवस्थित गर्नुपर्नु छ ।
- समय समयमा गाउँपालिकाले दिएको निर्देशन पुर्ण रुपमा पालना गर्नुपर्ने छ ।
- खानी संचालकहरुले खानीसम्म पुग्ने बाटो वर्षायाममा समेत चल्न सक्ने गरी मर्मत सम्भार गर्नुपर्ने छ ।
- विभिन्न स्थानमा भएका वासिङ कम्पनीहरुले आफुले अनुमति लिदाको बखत कम्पनी रजिस्टारको कार्यालय तथा घरेलुवाट दिएको निर्देशन अनुसार वासिङवाट निस्कीएको फोहोर पानीलाई आवश्यक उपचार गर्न Treatment Plant बनाई उपचार भईसकेको पानीलाई मात्र स्थानीय नदी तथा खोलामा खसाल्नु पर्ने छ ।
- खानी संचालक वा वासिङ कम्पनीहरुले बाटोमा धुलो प्रदुषण तथा ध्वनी प्रदुषण हुने गरी ढुवानीका साधानहरु चलाउन पाइने छैन र वाटोमा आवश्यकता अनुसार ट्याङकरवाट पानी हालि धुलो नउड्ने गरि गाडीको भार बहनक्षमता अनुसारको मात्र वोक्नपाइने र ढुवानी गर्दा माटो वालुवा ढुंगा नखस्ने व्यवस्था गरी छोपेर मात्र ढुवानीको व्यवस्था मिलाउनु पर्ने छ । साथै सडकमा सवारी साधन राखी पानी तर्काउने काम पुर्ण रुपमा निषेधित गरिएको छ ।
- कुनै फर्म वा कम्पनीले स्वीकृती नलिई जग्गा सम्याउन तथा ढुंगा, वालुवा, माटो जस्ता खानीजन्य वस्तुको उत्खनन र विक्रि वितरण गर्न पाउने छैन ।
- कुनै व्यक्ति, फर्म वा कम्पनीले स्वीकृती नलिई जग्गा सम्याउन तथा ढुंगा, वालुवा, माटो जस्ता खानीजन्य वस्तुको उत्खनन र विक्रि वितरण गर्न पाउने छैन गरेको पाइएमा तत्काल बन्द गराई सम्वन्धीत सवारी साधन वा व्यक्तिलाई रु १०,०००। देखि ५०,०००। सम्म जरिवाना गरि कानुन बमोजिम कारवाहि गरिनेछ ।
- अनाधिकृत रुपमा नदी नाला खोल्सा खोल्सीबाट बालुवा निकाल्न पाइने छैन । कहि कतैवाट निकाली बालुवा निकासी तथा थुपारेको पाइएमा गाउँपालिकाले सो बालुवा जफत गरी सम्वन्धीत सवारी साधन वा

व्यक्तिलाई रु १०,०००। देखि ५०,०००। सम्म जरिवाना गरि कानुन बमोजिम कारवाहि गर्न सक्ने छ ।

६ **<u>सार्वजनिक जग्गा व्यवस्थापन गर्दा ।</u>**

- गाउँवासीको हितमा खेलकुद मैदान, सामुदायिक स्कुल, कलेज स्वास्थ्य केन्द्र भवन, मठ मन्दिर र अन्य सार्वजनिक भवन वा सार्वजनिक स्थल निर्माणका लागी जग्गा व्यवस्थापन गर्दा गाउँ कार्यपालिकाको निर्णय अनुसार गाउँपालिका आफैले सार्वजनिक जग्गा व्यवस्थापन र निर्माण गर्नेछ
- सार्वजनिक पर्ति र सरकारी जग्गामा रहेको माटो, बालुवा, ढुंगा, स्लेट लगायत अन्य खानीजन्य वस्तुहरु को उत्खनन/संकलन र विक्रिवितरण गाउँपालिकाले प्रारम्भीक वातावरणीय परिक्षण गराई गाउँ कार्यपालिकाको निर्णय वमोजिम गाउँपालिका आफैले वा ठेक्कापट्टा व्यवस्थाद्वारा व्यवस्थापन गर्न सक्नेछ ।
- नदिजन्य उत्पादनहरु जस्तै ढुंगा, गिटि तथा बालुवा संकलन र विक्रि वितरण गाउँपालिकाले प्रारम्भीक वातावरणीय परिक्षण गराई गाउँ कार्यपालिकाको निर्णय वमोजिम गाउँपालिका आफैले वा ठेक्कापट्टा व्यवस्थाद्वारा व्यवस्थापन गर्न सक्नेछ ।
- गण्डकी गाउँपालिका क्षेत्रभित्र सार्वजनिक तथा पर्ति जग्गामा भएका खानीजन्य पदार्थहरु जस्तै ढुंगा, गिटि, वालुवा उत्खनन तथा विक्रिवितरण गर्न उपयुक्त स्थानहरुको पहिचान गाउँ कार्यपालिकाले गर्नेछ र सो स्थानको प्रारम्भीक वातावरणीय परिक्षण गराई विक्रिवितरणको व्यवस्था गर्न सकिनेछ ।
- गण्डकी गाउँपालिका क्षेत्रभित्र रहेका नदिजन्य पदार्थहरु जस्तै ढुंगा, गिटि, वालुवा संकलन तथा विक्रिवितरण गर्न उपयुक्त स्थानहरुको पहिचान  गाउँ कार्यपालिकाले गर्नेछ र सो स्थानको प्रारम्भीक वातावरणीय परिक्षण गराई विक्रिवितरणको व्यवस्था गर्न सकिनेछ ।

- प्राम्भीक वातावरणीय परिक्षण कार्यसम्पन्न गर्न गाउँकार्यपालिकाले विज्ञ समुहको टोली खटाई प्रतिवेदन लिन सक्नेछ ।
- खानीजन्य तथा नदिजन्य पदार्थको प्राकृतिक स्रोत उपयोग कर वातावरण शुल्क प्रदेशसभाले कानुन वनाई व्यवस्थीत नगरे सम्मको लागी तपशिल वमोजिम हुनेछ ।

  क) ढुङ्गा, गिट्टि, वालुवा उत्खनन, संकलन र विक्रि वापत प्रति घन मिटर रु ४००। अक्षेरुपी चारसय मात्र ।

  ख) जिल्ला वाहिर निकासी गर्दा प्रति टिप/टिपर रु ५००। रुपैया मात्र निकासी दस्तुर लाग्ने ।
- अन्य निकायवाट स्वीकृत लिनुपर्ने भएमा गाउँकार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाले सम्वन्धित निकायवाट स्वीकृति लिनेछ ।

७. **कम्पनी/संस्थाले जग्गा व्यवस्थापन गर्दा**

- कम्पनी रजिस्टर कार्यालयमा कम्पनी दर्ता भएको हुनुपर्ने ।
- साना तथा घरेलुमा दर्ता भएको भए दर्ता प्रमाण कागजहरु ।
- साविकमा जिल्ला समन्वय समिति गोरखामा अनुमति प्राप्त भएको भए सो सम्वन्धि प्रमाणपत्र लगाएतका कागजातहरु ।
- वालुवा प्रशोधन उद्योगको हकमा सो उद्योगले कच्चा पदार्थ उठाउन सम्झौता गरेको भए निजि जग्गा व्यवस्थापन कै कार्यविधि अपनाइने छ ।
- खानिक्षेत्रको हकमा वातावरणसंग सम्वन्धित पुर्वतयारी तथा प्रदुषण नियन्त्रण सम्वन्धि सम्पुर्ण आवश्यक कार्यहरु खानी संचालक स्वयंको जिम्मेवारीको विषय रहनेछ र यस सम्वन्धमा जानकारी वा कागजात अन्य निकायले मागेमा सो को व्यवस्था सम्वन्धित कम्पनि वा उद्योगले गर्नुपर्नेछ ।

माटो वालुवाको व्यवस्थापन गर्ने अनुमतिको अर्थ घर वनाउन घडेरी सम्याउनु भिरालो जमिनलाई खेतियोग्य वनाउनु तथा जनताको जिविकोपार्जन गर्न योग्य वनाई गरिवि निवारणमा सहयोग पुऱ्याउने उदेश्यले स्थानीय गाउपालिका वासीको जग्गालाई निजहरुको माग अनुसार उचित व्यवस्थापन गर्नु भएकोले अनधिकृत रुपमा भैरहेको प्राकृतिक श्रोतको दोहन रोक्नु र करको दायरामा ल्याउनु गाउँपालिका को कर्तव्य

समेत भएको हुदा सोहि अनुसार यस अनुमतिलाई लिई कार्य गर्नुहुन सम्पुर्ण सरोकारवलाहरुलाई निर्देशित गरिन्छ ।

## ८. <u>जग्गा प्लटिङ सम्वन्धि व्यवस्था</u>

यस गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति संस्था वा समुहले जग्गा प्लटिङ गर्नुपरेमा गाउँ कार्यपालिकाको स्वीकृतिको लागी देहाय वमोजिमको प्रकृया पुरा गरि गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ ।

- प्लटिङ गर्न चाहेको जग्गाको नापी नक्सा हाल भइरहेको जग्गाको अवस्था र प्लटिङ पछि हुने अवस्था देखिने गरि सम्वन्धित वडाको सिफारिस सहित कागजात पेश गर्नुपर्ने ।
- प्लटिङ गर्दा स्थानीय नदिनाला वनजंगल प्रति जग्गा आदिलाई हानिनोक्सानी गर्न पाईने छैन ।
- प्लटिङको निवेदन दर्ता भइसकेपछि यस कार्यालयवाट तोकिएको प्राविधिकवाट चेकजाँच गरि प्रतिवेदन माग गरिनेछ ।
- प्रतिवेदन प्राप्त भइसकेपछि अनुमति दिन मिल्ने देखिएमा प्लटिङ गर्ने जग्गाको कुल क्षेत्रफलको सरकारी मुल्यांकनको १ प्रतिशतले हुन आउने रकम यस कार्यालयको दस्तुर तोकिएको छ ।
- तोकिएको दस्तुर वुझाईसकेपछि अनुमतिको प्रकृया वढाईने छ ।
- जग्गा प्लटिङ गर्दा मुल वाटोवाट प्लटिङ जोड्ने सडक कम्तीमा ७ मिटर चौडाईको र भित्रि सडकहरु ४ मिटर चौडाईको हुनुपर्नेछ ।
- प्लटिङ जग्गमा जाने सडक मुल सडकसंग जोडिएको र अन्य सडकसम्म निकास भएको हुनुपर्नेछ ।
- जग्गा प्लटिङ गर्दा कुल क्षेत्रफलको कम्तीमा ३० प्रतिशत जग्गा खुला क्षेत्रफल छाडिएको हुनुपर्नेछ ।
- माथि जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको भुउपयोग नक्सा बमोजिम खेति योग्य जग्गा भनिएको क्षेत्र वा पुरातात्वीक वा ऐतिहासिक भुभाग वा जोखिम युक्त जग्गाहरुमा जग्गा प्लटिङको अनुमति दिईनेछैन ।
- गाउँपालिकाको अनुमति वेगर कसैले जग्गाको प्लटिङ गर्नपाईनेछैन । अनुमतिवेगर गरिएको प्लटिङको जग्गाको हकमा गाउपालिकाले जग्गा वेचविखन सिफारिस रोक्का गर्नूका साथै अन्य आवश्यक कार्वाही गर्नेछ ।

- प्लटिङ जग्गाको कम्तीमा क्षेत्रफल ४ आना हुनुपर्नेछ ।

**९. ढुंगा, वालुवा माटो जस्ता खानी जन्य वस्तुको प्राकृतिक श्रोत व्यवस्थापन र जग्गा व्यवस्थापन सम्वन्धि कार्यमा सहजीकरण गर्न गाउँपालिकामा देहाय बमोजिमको समिति गठन हुनेछ ।**

- सँयोजक श्री होम बहादुर रानामगर गाउँपालिका अध्यक्ष
- सदस्य श्री ललिता अधिकारी गाउँपालिका उपाध्यक्ष
- सदस्य श्री नर वहादुर पाण्डे वडा अध्यक्ष वडा नं. ४
- सदस्य श्री जीवन गुरुङ वडा अध्यक्ष वडा नं. ६
- सदस्य श्री तुलसी रेग्मी वडा अध्यक्ष वडा नं. ७
- सदस्य श्री राम प्रसाद रेग्मी वडा अध्यक्ष वडा नं. ८
- सदस्य श्री लक्ष्मी सुनार कार्यपालिका सदस्य
- सदस्य श्री देवराज चौलागाई प्रमुख प्रशासकीय अधिकृत
- सदस्य सचिव श्री तुलसी धिमिरे ईन्जिनियर

**१०. समितिको कार्यक्षेत्र देहायवमोजिम रहनेछ ।**

- उपरोक्त समितिले दर्ताहुन आएका एवं गाउँपालिकावाट तयार भएको प्रस्तावमाथि आवश्यक छानवित गरि आवश्यकता अनुसार प्राविधिक प्रतिवेदन समेत प्राप्त गरि, गाउँपालिका प्रमुख समक्ष पेश गर्ने छ र त्यस उपर गाउँ कार्यपालिकाको वैठकमा छलफल हुनेछ ।
- ढुङ्गा, गिट्टि, वालुवा उत्खनन, संकलन र विक्रि वापत र निकासी करको दर पुनरावलोकनको लागी गाउँ कार्यपालिकालाई राय सुझाव दिनेछ ।
- ढुङ्गा, गिट्टि, वालुवा उत्खनन, संकलन र विक्रि वापत र निकासी करको दर प्रत्येक वर्ष गाउँ सभाको निर्णयअनुसार हुनेछ ।
- गाउँ कार्यपालिकाको निर्णय वमोजिम तोकिएको गाउँपालिकाको प्रतिनिधिले जग्गा धनिसंग वा फर्म कम्पनी वा संस्थासंग सम्झौता गर्ने छ ।
- सम्झौताको जानकारी जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयलाई दिईनेछ ।

**११. साविकको दफा १० पछि देहाय वमोजिम दफा ११ थप गरिएको छ।**

**<u>दफा ११</u>**

वालुवा प्रसोधन उधोग (Washing Plant) दर्ता अनुमति र संचालन सम्वन्धमा देहाय वमोजिम हुनेछ।

बालुवा प्रशोधन उधोग (Washing Plant) भन्नाले दैनिक ७० घ.मि. सम्म वालुवा मात्र Wash गरि विक्रिवितरण गर्ने २ वटा सम्म वेल्ट भएको सानो उधोग सम्झनु पर्छ।

कुनै व्यक्ति वा फर्मले यस गाउँपालिका क्षेत्र भित्र वालुवा प्रशोधन उधोग (Washing Plant) संचालन गर्न चाहेमा निम्नानुसारको प्रकृया पुरा गरि गाउँ कार्यपालिका कार्यालय समक्ष निवेदन दिन सक्नेछ।

- घरेलु उधोग शाखा वा कार्यालय वा कम्पनी रजिस्टरको कार्यालयमा Washing Plant दर्ता गरेको प्रमाणपत्र।
- भ्याट वा प्यान दर्ता प्रमाण
- उधोग स्थापना गर्न चाहेको जग्गाको लालपुर्जा नापी नक्सा एंव तिरो तिरेको रसिद।
- भाडाको जग्गामा उधोग स्थापना गर्ने हो भने जग्गा धनीसंग भएको सम्झौता
- वालुवा उत्खनन गर्न प्रारम्भीक वातावरणीय परिक्षण (IEE) को प्रतिवेदन स्वीकृत गराई अनुमति प्राप्त खानी संग वालुवा आपुर्ति गर्ने सम्वन्धमा भएको सम्झौता।
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।

उपरोक्त वमोजिमको कागज/प्रमाण साथ गाउँपालिकामा निवेदन प्राप्त भएमा गाउँपालिकाले देहायको प्रकृया अवलम्वन गरि छानविन गर्नेछ।

- प्रस्तावित जग्गा र त्यस क्षेत्रको स्थलगत अनुगमन तथा निरिक्षण गर्ने
- सम्वन्धित वडा कार्यालय मार्फत साँधसधियार को रोहवरमा सर्जमिन मुचुल्का तयार गर्ने।
- पेश भएका कागजातका अध्ययन तथा थप आवश्यक कागजातहरु माग गर्ने

- Washing Plant क्षेत्रको IEE भएको वा नभएको एकिन गर्ने ।
- वालुवा उत्खनन गर्ने खानी संग भएको सम्झौता वामोजिम वालुवा आपुर्ति हुनसक्छ वा सक्दैन एकिन गर्ने
- सो उधोग संचालनवाट त्यस क्षेत्रमा पर्न सक्ने सामाजिक, आर्थिक एंव वातावरणीय नकरात्मक असरहरुको अध्ययन एंव प्रतिवेदन लिने
- नकारात्मक असरहरु न्युनिकरण गर्न प्रस्ताव गरिएका कार्यक्रमहरुको अध्ययन
- उपरोक्त वमोजिमको स्थलगत अवलोकन र अध्ययन गाउँपालिका आफैले, समिति मार्फत वा कुनै विज्ञ व्यक्ति वा समुहवाट गराई प्रतिवेदन लिन सकिनेछ ।

गाउँपालिकाले वालुवा प्रशोधन उधोग स्थापना र संचालनको अनुमति दिनु अगाडी देहायको विषयमा थप पुष्ठाई माग्न सक्नेछ ।

- उधोग दर्ता हुँदा उधोग शाखा / वा उधोग कार्यालय मार्फत IEE भएको हो वा होईन ।
- वालुवा आपुर्ति गर्ने खानीको IEE गरेको अवधि समाप्त भएको हो होईन ।
- सो उधोग स्थापना र संचालनवाट उक्त क्षेत्रमा वृहत वातावरणीय नकारात्मक प्रभाव पर्छ वा पर्दैन ।

**बालुवा प्रशोधन उधोग (Washing Plant) अनुमति दिदाको मापदण्ड र दस्तुर देहाय वमोजिम हुनेछ ।**

- वालुवा प्रशोधन उधोग (Washing Plant) नदि, खोला विधालय, मठ मन्दिर आदिवाट कम्तीमा १०० मिटर टाडा हुनुपर्नेछ ।
- प्रशोधन उधोगवाट निस्कने फोहोर पानी कम्तीमा १० मिटर व्यास भएको ३ वटा खाल्टाहरुवाट Treatment गरि सफा पानी मात्र नदि खोला वा तलाउमा खसाल्न पाईने छ ।

- नदि खोलाको किनार भन्नाले वर्षातको समयमा कायम हुने खोलाको किनार सम्झनु पर्दछ ।
- उपरोक्त वमोजिमको मापदण्ड पुरा भएका वालुवा प्रशोधन उधोगलाई अनुमति दिने र रद्द गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।
- गाउँ कार्यपालिकावाट अनुमति दिदा अनुमति दस्तुर वापत एकमुष्ट रु २००,०००। राजश्व दाखिला गरेर मात्र अनुमति दिईनेछ ।
- उधोग दर्ता भएको आर्थिक वर्षमा अनुमति दस्तुर वापत रु २००,०००। एकमुष्ठ वुझाईसकेपछि सो वर्ष अन्य दस्तुर लाग्नेछैन । त्यस पछिका प्रत्येक आ.व.मा नविकरण गर्दा नविकरण दस्तुर वापत वार्षिक रु १००,०००। वुझाउनुपर्नेछ ।
- उपरोक्त वमोजिमको अनुमति दस्तुर नवुझाएमा प्रत्येक आ.व.मा वुझाउनुपर्ने नविकरण दस्तुर नवुझाएमा वा यस कार्यविधिमा उल्लेखित मापदण्ड वमोजिम काम नगरेमा जुनसुकै वखत अनुमति दस्तुर रद्द गर्न सकिनेछ ।
- यस कार्यविधिको प्रतिकुल हुनेगरि उधोग स्थापना गरेमा, संचालन गरेमा, वातावरणमा नकरात्मक असर हुने गरि उधोग संचालन गरेमा गाउँपालिकाले जुनसुकै वखत उधोग वन्द गराउन र अनुमति रद्द गर्न सक्नेछ ।

**दफा - १२**

यस कार्यविधिको संसोधन सम्वन्धमा :-

यस कार्यविधिको संसोधन आवश्यकता अनुसार गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनसक्नेछ ।

**आज्ञाले,**
**देवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**